# बोलपत्र आह्वानको सूचना

## नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

सिंहदरबार काठमाडौं, नेपाल

**मसलन्द तथा कार्यालय सामान खरिदकालागि बोलपत्र आव्हान**

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७२।७।२५

ठेक्का नं: १।२०७२।७३

१. राष्ट्रिय योजना आयोगको सचिवालय योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत चालु आ.व. २०७२।७३ को लागि यस सचिवालयलाई आवश्क पर्ने कार्यालय सम्बन्धी मसलन्द तथा मालसामानहरुको खरिद तथा आपूर्ति गर्न यो बोलपत्र आव्हान गर्दछ ।

२. योग्यबोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:

राष्ट्रिय योजना आयोगको सचिवालय,

खरिद इकाइ, सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं: ४२११९४३, ४२११०५३

योग्यबोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं र राष्ट्रिय स्वयं सेवा कार्यालय, बालुवाटार (फोन नं. ४४४६२८५) बाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. १,०००।- (फिर्ता नहुने) पेश गर्नु पर्नेछ । बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ । कुनै बोलपत्रदाताले थप रु. ५००।- सहित, बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत प्राप्त गर्न अनुरोध गरेमा हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको बोलपत्र सम्बन्धी कागजातहरु ढिलो गरी पुगेमा वा डेलिभरी नै नभएमा खरिदकर्ता जिम्मेवार हुनेछैन ।

३. शिलबन्दी गरिएको बोलपत्र राष्ट्रिय योजना आयोगको सचिवालयमा २०७२।८।२५ १२:०० बजेभित्र बुझाउनु पर्नेछ । सो समय भन्दा ढिलो हुने गरी प्राप्त बोलपत्र स्विकार गरिनेछैन ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा मिति २०७२।८।२५ गते दिनको १४:०० बजे राष्ट्रिय योजना आयोगको सचिवालयको, खरिद

इकाइमा खोलिनेछ । उक्त मिति र समयमा सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएको अवस्थामा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । योग्य बोलपत्रदाताले बोलपत्र पेश गर्दा रु. १,२५,५०० (एक लाख पच्चिस हजार पाँच सय) बराबरको बोलपत्र जमानत वापतको रकम "जम्मा गर्न पठाउने कार्यालयको नाम राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं" उल्लेख गरी एभरेष्ट बैंक लिमिटेडको सिंहदरबार शाखामा खोलिएको कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र नं. ४ को धरौटी खाता नं. १३००५१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत (Bid Security) संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनको मिति र निर्दिष्ट समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

**राष्ट्रिय योजना आयोगको सचिवालय,**
**खरिद इकाइ,**
**सिंहदरबार, काठमाडौं, नेपाल**